बुद्धभूमि नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुड्ढी, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:०७७/७८

चलानी नं.:

मिति:२०७८।०१।१४

## विषम अवस्थामा स्वास्थ्य सचेतना सम्बन्धी नगरबासीमा अपिलः

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बैशाख ६ २०७८ को राजपत्रमा प्रकाशित सूचना, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय (कोरोना संकट व्यवस्थापन केन्द्र) CCMC-OPS)तथा जिल्ला प्रशासन कार्यालय को मिति २०७७।०१।०७ को पत्र समेतका आधारमा देहाय बमोजिम गर्ने गरी मिति २०७८।०१।१० गतेको कार्यपालिका बैठक समेतका आधारमा अनुरोध छ।

क) Covid-19 को अवस्थालाई मध्यनजर गर्दै जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्रसँग समन्वय गरी निश्चित अवधिमा का लागि विद्यालय बन्द गर्ने भर्चुवल कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

ख) अत्यावश्यक काम परेमा बाहेक घर वाहिर ननिस्कने मास्क नलगाई घर बाहिर निस्केमा बैशाख १५ गते देखि संक्रमण रोग ऐन तथा स्थानीय प्रशासन ऐन अनुरूप कारवाही र सजाय हुने हुँदा काम परेमा मात्र बाहिर निस्कने र मास्क अनिवार्य प्रयोग गर्ने।

ग) पाटी प्यालेस, हेल्थ क्लब, जिम खाना, सभा, आमसभा, जुलुस, हाटबजार र मानिसहरूको भिडभाड हुने अन्य सबै प्रकारका कार्य हाललाई बैशाख मसान्त सम्म बन्द गर्ने।

घ) मठ, मन्दिर, मस्जिद, गुम्वा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी मिति २०७८ साल बैशाख मसान्त सम्म नित्य पूजा, ध्यान प्रार्थना बाहेक बन्द गर्न गराउने।

ङ) मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, ब्रतबन्ध, धार्मिक, अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरू सञ्चालन गर्दा पच्चीस जना भनदा बढी नहुने र जनस्वास्थ्य मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने। विवाह वा व्रतबन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्डको पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृत लिएर मात्र २५ जनामा नबढ्ने गरी गर्ने।

च) सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समिक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरू सञ्चालन गर्दा Virtual माध्यमबाट गर्ने। भौतिक रूपमा उपस्थित भई गर्नेपर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्ने।

छ) कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गरिन्छ। कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले १० रूपैया लिई मास्क उपलब्ध गराउने। मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने।

ज) होटल तथा रेष्टुरेन्ट देहायका मापदण्ड पालना गर्ने गरी विहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्म मापदण्ड पालना गर्ने शर्तमा सेवा दिने गरी सञ्चालन गर्ने र सो समय पश्चात Take away र Home delivery मात्र उपलब्ध गराउने साथै राजमार्गमा सञ्चालित होटल तथा रेष्टुरेन्टहरूले पनि उल्लेखित मापण्डका साथै भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने।

झ) Covid-19 संक्रमितले मात्र प्रयोग गर्ने गरी यस नगरपालिकाको एम्बुलेन्सले निःशुल्क रूपमा बुटवल, पाल्पा, भैरहवा, दाङ, कोहलपुर सम्म सेवा प्रदान गर्ने व्यवस्था मिलाईने।

ञ) बैशाख १५ गते देखि सबै हाटबजारहरू अर्को सूचना वा आदेश नभए सम्मका लागि बन्द गर्ने।

...........................

अनिल पौडेल

प्रमुख प्रशासकीय अधिकृत

...........................

केशव कुमार श्रेष्ठ

नगर प्रमुख

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत